भ्याली पब्लिक फुटसल आजदेखि

नेपाल समाचारपत्र, काठमाडौं

भ्याली पब्लिक हाइ स्कुलको आयोजनामा पाँचौं भ्याली पब्लिक अन्तरविद्यालय फुटसल प्रतियोगिता बुधबारदेखि हुने भएको छ।

प्रतियोगितामा विभिन्न ३ विधामा ५८ टिमको सहभागिता रहने भ्याली पब्लिकको सह-संस्थापक सुनिता विष्ट अधिकारीले मंगलवार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइन्।

यू-१६ सिनियर ब्वाइजमा २६, यू-१६ सिनियर गर्ल्समा १६ र यू-१२ जुनियर ब्वाइजमा १६ टिमले भाग लिने छन्। उमेरसमूहमा पहिलोपटक प्रतियोगिता हुन लागेको हो। यसअघि विद्यार्थी अध्ययनरत कक्षाका आधारमा प्रतिस्पर्धा भएको थियो।

नेक्स्टस्पोर्ट्जको प्राविधिक सहयोगमा हुने प्रतियोगिताको विजेताले १५ हजार तथा उपविजेताले १० हजार नगद पुरस्कार पाउने छन्। उत्कृष्ट खेलाडी, सर्वाधिक गोलकर्ता र उत्कृष्ट गोलरक्षकलाई पनि पुरस्कृत गरिने छ।

प्रतियोगिता सञ्चालन गर्न करिब ३ लाख २५ हजार २ सय ५० रुपियाँ खर्च हुने भ्याली पब्लिकका प्रशासन प्रमुख महेश अधिकारीले जानकारी दिए। साउन १९ गतेसम्म चल्ने प्रतियोगिताका खेलहरू भंगालस्थित आयोजककै हलमा खेलाइने छ।

रिज लाइन इनर्जी लिमिटेड
Ridge Line Energy Ltd.
रजिष्टर्ड कार्यालय, ललितपुर महानगरपालिका-१, ललितपुर, फोन नं.: ०१-५९००११४
(आयोजनाको नाम : सुपर चेपे जलविद्युत आयोजना-९.०५ मे.वा.)
वेवसाईटः https://www.ridgeline.com.np, इमेल : info@ridgeline.com.np
को
लक इन (Lock In) अवधि समाप्त हुने बारेको अत्यन्त जरूरी सूचना

श्री नेपाल धितोपत्र बोर्डको मिति २०८०/०७/२०, च.नं ११७५ को पत्रबाट निर्देशन भए बमोजिम यस कम्पनीको जारी पूँजी रु. १,१८,५०,००,०००/- (एक अर्ब अठार करोड पचास लाख) मध्ये २२ प्रतिशत २६,०७,००० (छब्बिस लाख सात हजार) कित्ता साधारण शेयर सर्वसाधारणको लागि निष्काशन गरिएकोमा आयोजना प्रभावितहरुका लागि छुटयाईएको शेयर बाँडफाँड गरे पश्चात जारी पूँजीको १२ प्रतिशत अर्थात रु. १४,२२,००,०००/- (चौध करोड बाइस लाख) रकम बराबरको प्रति कित्ताले हुन आउने कूल १४,२२,००० कित्ता साधारण शेयर मध्येबाट ५ प्रतिशतले हुन आउने तपसिलमा उल्लेखित सामुहिक लगानी कोषको स्वामित्वमा रहेको शेयरको बाँडफाँड गरिएको मितिले ६(छ) महिना लक इन (Lock In) अवधि अर्थात २०८२/११/१४ देखि २०८३/०५/१३ गते सम्म राखिएको तथा सो पश्चात लकईन अवधि समाप्त हुने हुँदा नियामक निकायहरु लगायत सम्पूर्ण सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

क्र.स.	शेयर विवरण	लक इनमा रहेका कुल शेयर संख्या	कैफियत
१	सामुहिक लगानी कोषको स्वामित्वमा रहेको	७१,१००	

शेयर रजिष्ट्रारको पूरा नाम र ठेगानाः
prabhu CAPITAL (A Subsidiary of Prabhu Bank Limited)
प्रभु क्यापिटल लिमिटेड
कमलादी, काठमाडौं, नेपाल, फोन नं.: ०१-४१६५१००, ५९७०२००
Email : info@prabhucapital.com, Web: www.prabhucapital.com

नबिल बैंक लिमिटेडड गल्छी शाखा, धादिङको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना
(प्रकाशित मितिः २०८३/०४/१३)

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५** (**पैंतीस**) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

	तपसिल
१	**ऋणी फर्म र ऋणी फर्मका प्रोप्राइटरको नाम र ठेगानाको विवरण**
	प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम प्रदेश सरकार उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय प्रदेश नं.०३, स्थानिय व्यापार अन्तर्गत दर्ता भएको, मिति २०७६/०५/१५ मा प्रा.फ.र.नं. ४४३८ /०७६/०७७ अन्तर्गत दर्ता भएको **एस एण्ड एस सप्लायर्स ।** ठेगाना : धादिङ जिल्ला, धुनीबेंशी न.पा वडा नं. ०६, धार्के । **ऋणी फर्मका प्रोप्राइटरको नाम र ठेगानाको विवरणः** होम नाथ पौडेलकी बुहारी, शिवराम पौडेलकी छोरी, काभ्रेपलाञ्चोक जिल्ला कुशादेवी गा.वि.स. वडा नं.०२ स्थायी ठेगाना भई हाल धादिङ जिल्ला, धुनीबेंशी न.पा वडा नं. ०६ बस्ने, ना.प्र.नं.१२४९३६ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.काभ्रेपलाञ्चोक जारी मितिः बि.सं. २०६०/१०/११), भएकी **लक्ष्मी वाग्ले ।**
	व्यक्तिगत जमानतकर्ताको विवरण
	खिलानाथ पौडेलको नाती, होमनाथ पौडेलको छोरा चितवन जिल्ला मगंलवा गा.वि.स. वडा नं.०५ स्थायी ठेगाना भई, हाल धादिङ जिल्ला, धुनीबेंशी न.पा वडा नं. ०६ बस्ने, ना.प्र.नं. १४९६/,०४४ (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. चितवन, जारी मितिः २०५७/१०/२६) भएको **शिवराम पौडेल ।**
	धितो विवरण
	चितवन जिल्ला मगंलवा गा.वि.स. वडा नं.०५ स्थायी ठेगाना भई, हाल धादिङ जिल्ला, धुनीबेंशी न.पा वडा नं. ०६ बस्ने **शिवराम पौडेल**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको चितवन जिल्ला मगंलपुर गा.वि.स वडा नं. ५ मा स्थित कि.नं. ३४८७ क्षेत्रफल ६११.७६ (वर्ग मिटर) घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । **सवारी साधनको विवरणः** १. ऋणी **एस एण्ड एस सप्लायर्स** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. बागमती प्रदेश-०१ ००६ ख ५९४८ भएको Truck. २. ऋणी **एस एण्ड एस सप्लायर्स** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. बागमती प्रदेश-०१ ००४ क ४०७४ भएको Eicher.
२	**ऋणी फर्म र ऋणी फर्मका प्रोप्राइटरको नाम र ठेगानाको विवरण**
	प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम प्रदेश सरकार उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय बाग्मती प्रदेश, स्थानिय व्यापार अन्तर्गत दर्ता भएको, मिति २०७१/०४/२० मा प्रा.फ.र.नं. २१३५ /०७१/०७२ अन्तर्गत दर्ता भएको **हाइवे कोल्ड स्टोर ।** ठेगाना : धादिङ जिल्ला, गल्छी गा.पा वडा नं. ०८ । **ऋणी फर्मका प्रोप्राइटरको नाम र ठेगानाको विवरणः** खिलानाथ पौडेलको नाती, होमनाथ पौडेलको छोरा चितवन जिल्ला मगंलवा गा.वि.स. वडा नं.०५ स्थायी ठेगाना भई, हाल धादिङ जिल्ला, धुनीबेंशी न.पा वडा नं. ०६ बस्ने, ना.प्र.नं. १४९६/,०४४ (नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का. चितवन, जारी मितिः २०५७/१०/२६) भएको **शिवराम पौडेल ।**
	व्यक्तिगत जमानतकर्ताको विवरण
	होम नाथ पौडेलकी बुहारी, शिवराम पौडेलकी छोरी, काभ्रेपलाञ्चोक जिल्ला कुशादेवी गा.वि.स. वडा नं.०२ स्थायी ठेगाना भई हाल धादिङ जिल्ला, धुनीबेंशी न.पा वडा नं. ०६ बस्ने, ना.प्र.नं.१२४९३६ नागरिकता प्रदान गर्ने कार्यालय जि.प्र.का.काभ्रेपलाञ्चोक जारी मितिः बि.सं. २०६०/१०/११), भएकी लक्ष्मी वाग्ले ।
	एस एण्ड एस सप्लायर्स र हाइवे कोल्ड स्टोरमा रहेको संयुक्त धितो विवरण
	चितवन जिल्ला मगंलवा गा.वि.स. वडा नं.०५ स्थायी ठेगाना भई, हाल धादिङ जिल्ला, धुनीबेंशी न.पा वडा नं. ०६ बस्ने **शिवराम पौडेल**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धादिङ जिल्ला नौबिसे न.पा. वडा नं. १ मा स्थित कि.नं. ४६४ क्षेत्रफल ०-१०-०-० (रोपनी) घर/जग्गा एवं सो मा जडित सम्पूर्ण लिगलगापात समेत ।

NABIL BANK®
प्रधान कार्यालय, दरबारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

शीर्ष चारमा पुग्न नेपालले सबै खेल जित्नुपर्छ

नेपाल समाचारपत्र, काठमाडौं

नामिबियासँग ३ रनले हारेपछि अब, नेपालसँग ओडीआई मान्यता बचाउन र विश्वकप छनोटमा सीधै पुग्न ५ खेल बाँकी रहेको छ। आज नेपालले नेदरल्यान्ड्समा जारी सिरिजमा अन्तिम खेल खेल्दैछ। नेदरल्यान्ड्ससँग हुने यो खेल नेपालको लागि जित्नैपर्ने हुन्छ।

यसअघि नेपालले जारी सिरिजमा तीन खेलमा हार बेहोरिसकेको छ। जसमा, नेपालले नामिबियासँग दुवै खेल हारिसकेको छ भने घरेलु टोली नेदरल्यान्ड्ससँग एक खेल हारिसकेको छ। यो सिरिजपछि नेपालले विश्वकप लिग टु २०२३-२०२७ अन्तर्गत अन्तिम सिरिज खेल्न बाँकी हुनेछ।

विश्वकप २०२७ छनोटमा पुग्न र वानडे मान्यता बचाउन नेपालको लागि कुल १० अंक बचेको छ। यो उपलब्धि हासिल गर्न अंक तालिकाको शीर्ष चारमा पर्नु पर्नेछ। तर, नेपाल अहिले ३१ खेलमा २४ अंक जोडेर अंकतालिकाको छैटौं स्थानमा रहेको छ। नामिबियाले २६ अंक जोडेर पाँचौं स्थानमा उक्लिएपछि नेपाल छैटौं स्थानमा झरेको हो।

यस प्रतियोगितामा अमेरिका (३२ खेलमा ४३ अंक) र स्कटल्यान्ड (३२ खेलमा ३८ अंक) शीर्ष दुई स्थानमा रहने पक्का भएसँगै विश्वकप छनोटमा पुगिसकेका छन्। साथै यी दुवै टोलीले वानडे मान्यता पनि बचाइसकेका छन्। नेदरल्यान्ड्सले पनि एक खेल जितेमा विश्वकप छनोटमा पुग्ने सम्भावनामा छ। नेदरल्यान्ड्सको ३० खेलमा ३६ अंक रहेको छ।

चौथो स्थानमा ओमान ३१ अंक लिएर रहेको छ। ओमानले अझै दुई सिरिज यानि आठ खेल खेल्न बाँकी नै छ। यस्तो अवस्थामा ओमानलाई पछि पारेर चौथो स्थान हासिल गर्न नेपालको सम्भावना न्यून छ। ओमानले कमसेकम २ खेलमात्रै जिते पनि नेपालको शीर्ष चारको सम्भावना सकिनेछ।

शीर्ष चारमा नपरेमा

यदि, नेपालले शीर्ष चार स्थान हासिल गर्न नसकेमा प्लेअफ खेल्ने मौका भने बाँकी रहनेछ। शीर्ष चारमा नपर्ने टोलीहरूले 'विश्वकप छनोट प्लेअफ' खेल्न पाउने प्रावधान रहेको छ। प्लेअफमा आठ टोली हुने छन्। 'विश्वकप च्यालेन्ज लिग' का शीर्ष चार टोली र लिग २ बाट झरेका चार टोलीबीच प्रतिस्पर्धा हुने छ। त्यसमा शीर्ष चारमा स्थान बनाउन सक्ने टोलीले पनि ओडीआई मान्यता प्राप्त गर्ने छ भने विश्वकप छनोटमा पनि स्थान बनाउने छन्।

जिदानले फ्रान्स सम्हाल्ने

लन्डन, (एजेन्सी)

एक पटक विश्व च्याम्पियन बनेका जिनेदिन जिदान फ्रान्सेली राष्ट्रिय पुरुष फुटबल टोलीका प्रमुख प्रशिक्षक बन्ने पक्का भएका छन्। डिडियर डेसक्याम्पले १४ वर्षको प्रमुख प्रशिक्षकको पद छाडेपछि फ्रान्सेली टोलीलाई सम्हाल्न जिदानलाई जिम्मा दिने भएको हो।

डेसक्याम्पको नेतृत्वमा फ्रान्सले २०१८ को विश्वकप उपाधि जितेको थियो भने २०२२ को विश्वकपमा उपविजेता भएको थियो। भर्खरै सम्पन्न विश्वकपमा भने फ्रान्स चौथो स्थानमा रहेको थियो। फ्रान्स सेमिफाइनलमा च्याम्पियन स्पेनसँग २-० ले हारेको थियो।

गत हप्ता फेडरेसन फ्रान्सेइस डे फुटबल (एफएफएफ) र जिदानबीच ६ वर्षका लागि सम्झौता भएको थियो। एक हप्तापछि एफएफएफले राष्ट्रिय टोलीका पूर्व कप्तान जिदानलाई पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेको हो।

५४ वर्षका जिदानले यूईएफए नेसन्स लिग २०२७, युरोपियन च्याम्पियनसिप २०२८ र फिफा विश्वकप २०३० सम्म फ्रान्सको टचलाइन सम्हाल्नेछन्। फ्रान्सले सन् १९९८ मा घरेलु भूमिमा विश्वकप र दुई वर्षपछि बेल्जियम र नेदरल्यान्ड्समा भएको युरोपियन च्याम्पियनसिप २००० को उपाधि जित्दाका प्रमुख सदस्य थिए।

जिदानको कप्तानीमा फ्रान्सले जर्मनी २००६ मा विश्वकप फाइनल खेलेको थियो। जतिबेला टोली पेनाल्टी सुटआउटमा इटालीसँग पराजित भएको थियो।

जिदानले यसअघि दुईपटक स्पेनिस महारथी रियल मेड्रिडको टचलाइन सम्हालिसकेका छन्। सन् २०१६ देखि २०१८ सम्म आषनो पहिलो स्पेलमा उनले

लगातार तेस्रो संस्करण रियललाई यूईएफए च्याम्पियन्स लिगको उपाधि दिलाएका थिए।

यस्तै, जिदानको नेतृत्वमा सन् २०१६-१७ मा रियलले ला लिगा, यूईएफए सुपरकप, स्पेनी सुपर कप र फिफा क्लब वर्ल्डकप उपाधि पनि उचालेको थियो। जिदानले त्यसपछि सन् २०१९ देखि २०२१ सम्म रियलको जिम्मेवारी सम्हाले। आषनो दोस्रो स्पेलमा उनले टोलीलाई ला लिगा र स्पेनी सुपरकप उपाधि दिलाएका थिए।

जिदानको खेल करिअर

- सन् १९८९ मा कान्समा आषनो खेल करियर सुरु गरे, त्यसपछि १९९६ मा युभेन्टस नआएसम्म बोर्डोका लागि खेलेका।
- सन् २००१ मा रियल म्याड्रिडमा सामेल हुनुअघि युभेन्टसलाई लगातार सिरी ए उपाधि जित्न सहयोग गरेका। त्यस्तै, इटालियन टोलीलाई च्याम्पियन्स लिगको फाइनलमा पुग्न मद्दत गरेका।
- सन् २००१ मा विश्व रेकर्ड ट्रान्सफर शुल्क ६६ मिलियन पाउन्डमा रियल मेड्रिडमा आबद्ध।
- फ्रान्सलाई पहिलोपटक विश्वकप उपाधि दिलाएका। फ्रान्समै भएको विश्वकप १९९८ मा उपाधि दिलाउँदा फाइनलमा उनले दुई गोल गरेका।
- फ्रान्सले ब्राजिललाई ३-० ले हराएर पहिलो पटक विश्वकप जितेपछि त्यसै वर्ष बालोन डीओर उपाधि पनि जितेको।
- सन् २००४ मा अन्तर्राष्ट्रिय फुटबलबाट संन्यास लिए पनि पछि संन्यास फिर्ता लिँदै २००६ को विश्वकपमा खेलेका।
- विश्वकप २००६ को विश्वकप फाइनलमा फ्रान्स इटालीसँग पराजित भएको खेलमा इटालीका मार्को माटेराजीको छातीमा टाउकोले हिर्काएपछि उनी रातो कार्डको भागीदार भएका।
- एक व्यावसायिक फुटबलरको रूपमा यो नै अन्तिम खेल सावित भएको।

एसियाड लक्षित एनओसीको सुरक्षा अभिमुखीकरण

नेपाल समाचारपत्र, काठमाडौं

नेपाल ओलम्पिक कमिटी (एनओसी) सँगको सहकार्यमा नेसनल ओलम्पिक एकेडेमी (एनओए) ले आगामी आइची-नागोया एसियाली खेलकुदमा सहभागी हुने नेपाली खेलाडी र अफिसियलहरूका लागि मंगलवार सातदोबाटोस्थित एनओसी भवनमा एकदिने सुरक्षा अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको छ।

खेलकुद क्षेत्रमा सुरक्षित, सम्मानजनक र समावेशी वातावरण सिर्जना गर्ने उद्देश्यले आयोजित उक्त कार्यक्रमको उद्घाटन गर्दै ओलम्पिक एकेडेमीका अध्यक्ष तेजबहादुर गुरुङले सहभागी सबैको सुरक्षा र मर्यादाको महत्वमाथि जोड दिनुभयो। दुई सत्रमा सञ्चालित उक्त कार्यक्रममा विभिन्न खेलका खेलाडी, प्रशिक्षक तथा व्यवस्थापकहरूको उल्लेख्य उपस्थिति रहेको थियो।

पहिलो सत्रमा पौडी, ब्याडमिन्टन, धनुर्विद्या, कबड्डी र टेबल टेनिसका प्रतिनिधिहरू सहभागी थिए भने दोस्रो सत्रमा जुडो, तेक्वान्दो, भलिबल, बक्सिङ र स्क्वासका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा एकेडेमीका निर्देशक सुजनलाल श्रेष्ठ तथा सदस्यद्वय प्रतिभा जोशी र डा. प्रमिला थापाले खेलकुदमा सुरक्षाका सिद्धान्त, उत्पीडन तथा दुर्व्यवहार रोकथाम र खेलाडीको अधिकार एवं कल्याणका विषयमा प्रस्तुति दिनुभएको थियो।

साथै, उहाँहरूले सुरक्षित खेल वातावरण निर्माणका लागि खेलाडी, प्रशिक्षक र पदाधिकारीहरूको सामूहिक जिम्मेवारीबारे समेत छलफल गर्नुभयो। एसियाली खेलकुदमा प्रस्थान गर्नुअघि नेपाली टोलीका प्रत्येक सदस्यलाई सुरक्षा नीति र अभ्यासहरूबारे स्पष्ट जानकारी गराउने लक्ष्य राखेको एनओसीले बाँकी खेलका सहभागीहरूका लागि पनि छिट्टै यस्तै सत्रहरू सञ्चालन गर्ने जनाएको छ।

यसै कार्यक्रमका बीच एनओसीका सह-महासचिव रामजीबहादुर श्रेष्ठलाई आगामी आइची-नागोया एसियाली खेलकुदका लागि नेपालको आधिकारिक सुरक्षा अधिकारी (सेफगार्डिङ अफिसर) नियुक्त गरिएको जानकारी पनि गराइएको थियो।

सीसीआरसीको सहज जित

काठमाडौं, (नेस)

सीसीआरसीले एसआरसी प्लस टु अन्तरकलेज छात्र बासकेटबल प्रतियोगितामा मंगलवार जित हात पारेको छ।

कीर्तिपुरस्थित कभर्डहलमा सीसीआरसीले ओमेगालाई ८०-४७ ले सहजै पराजित गऱ्यो। सीसीआरका सवाज खानले २२ स्कोर गरे। एईसीसी ग्लोबल कन्सल्टेन्ट्सको मुख्य प्रायोजन तथा पुल्चोकियन्स फिट्नेस हबको आयोजनामा भइरहेको प्रतियोगतामा पुष्पसदन र मनास्लु विजयी भए। दुवैले गोल्डेन गेटलाई हराए।

पुष्पसदनले गोल्डेनगेट 'ए' लाई ३४-३० ले पाखा लगायो। पुष्पसदनका सिमोन रमजालीले १० अंक जोडे। पुष्पसदनको लगातार दोश्रो जित हो। मनास्लुले गोल्डेनगेट 'बी' माथि ८६-३० को आरामदायी जित दर्ता गऱ्यो। मनास्लुका शुभ खड्काले १८ अंक जोडे।

चारै क्वार्टरमा अग्रता लिएको मनास्लुले क्रमशः २७-६, १७-५, १९-१७ र २३-२ स्कोर गऱ्यो। तीनै खेलका सर्वाधिक स्कोरकर्ता त्रय सवाज, सिमोन र शुभ 'म्यान अफ द म्याच' घोषित भए।

केप भर्डेका काब्रालको गोल विश्वकपको उत्कृष्ट

लन्डन, (एजेन्सी)

केप भर्डेका डिफेन्डर सिड्नी लोपेस काब्रालले अर्जेन्टिनाविरुद्ध अन्तिम ३२ चरणमा गरेको गोललाई फिफा विश्वकप २०२६ को गोल अफ द टुर्नामेन्ट घोषित गरिएको छ।

फिफाले सोमवार सार्वजनिक गरेको नतिजाअनुसार काब्रालले गरेको गोल समर्थकहरूको मतका आधारमा प्रतियोगिताकै उत्कृष्ट बनेको हो। मायामी स्टेडियममा भएको उक्त खेलको अतिरिक्त समयमा काब्रालले अर्जेन्टिनाका एलेक्सिस म्याक एलिस्टरलाई छलाउँदै एमिलियानो मार्टिनेजको गोलपोस्टको माथिल्लो कुनामा उत्कृष्ट कर्ल प्रहार गरेका थिए। त्यस गोलले खेल २-२ को बराबरीमा पुऱ्याएको थियो। यद्यपि केप भर्डे अन्ततः ३-२ ले पराजित भएको थियो।

प्रतियोगिताको उत्कृष्ट गोलको दौडमा काब्रालले उज्वेकिस्तानका एल्डोर शोमुरोदोभ र हाइटीका विल्सन इसिडोरलाई पछि पारेका थिए। यसअघि मेक्सी रोड्रिगेज, डीएगो फोर्लान, जेम्स रोड्रिगेज, बेन्जामिन पाभार्ड र रिचार्लिसनले गोल अफ दि टुर्नामेन्ट जितेका थिए।

पुरस्कारपछि प्रतिक्रिया दिँदै २३ वर्षीय काब्रालले गोल गर्ने क्षण अझै अविस्मरणीय रहेको बताए। 'विपक्षी खेलाडीलाई छलाएपछि मैले गोल गर्ने अवसर देखें। माथिल्लो कुनालाई लक्ष्य बनाएर प्रहार गरेको थिएँ। बल त्यहीं जाँदै गरेको देखेपछि आफैंलाई विश्वास लागिरहेको थिएन,' उनले भने।

गोल गरेपछि उनी सिधै दर्शकदीर्घातर्फ आमालाई भेट्न दौडेका थिए। तर, अत्यधिक खुसीका कारण उनकी आमा टेरेसा बेहोस भएको उनले खुलासा गरे। 'मैले खेलअघि गोल गरें भने आमालाई भेट्न आउने वाचा गरेको थिएँ। तर त्यहाँ पुग्दा उहाँ बेहोस हुनुभएको रहेछ। सबैजना उहाँलाई सम्हाल्न व्यस्त थिए,' काब्रालले भने।

ब्राजिलका पूर्व स्टार मार्सेलोले पनि काब्रालको गोललाई प्रतियोगिताकै उत्कृष्ट गोलका रूपमा मतदान गरेको सन्देश पठाएको खुलासा गरेपछि उनले त्यसलाई आषनो करिअरकै ठूलो सम्मानमध्ये एक भएको बताए। ३ वर्षअघि मात्र जर्मनीको पाँचौं डिभिजनमा खेलिरहेका काब्राल अहिले विश्व फुटबलकै प्रतिष्ठित व्यक्तिगत पुरस्कार जित्ने खेलाडीको सूचीमा पुगेका छन्।